# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष ९ | अंक १२६ | बुधबार, १० असार २०७७ | Wednesday, 24 June 2020 | www.souryonline.com | पृष्ठ : ४ | मूल्य रु. ५



मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा मुद्दती खाता
८.२५% वार्षिक ब्याजदर
*थप ०.५०% शाखाद्वारा प्रदान गर्न सकिने ।
The Banker Bank of the Year 2019 NEPAL
विश्वास जित्दै... अघि बढ्दै...


नेकपा स्थायी कमिटि बैठक

# गुटका आ–आफ्ना स्वार्थ





■ सौर्य समाचार

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)भित्र अहिले शक्ति संघर्ष निक्कै चर्को रुपमा देखिन थालेको छ । संसदमा झण्डै दुईतिहाई सिट ल्याएको नेकपामा शक्ति कसको हातमा रहने भनेर आन्तरिक संघर्ष चर्किएको हो । संविधान अनुसार दुई वर्षसम्म सरकार हटाउन नपाइने प्रावधानले शान्त रहेको नेकपाभित्रको राजनीति त्यो म्याद गुज्रिएपछि भने ठुलो हलचलबाट गुज्रिन थालेको छ ।

गत फागुन ३ गते सरकार बनेको दुई वर्ष पुरा भएसँगै नेकपाभित्र सरकार परिवर्तनको पटक पटकको प्रयास असफल भईसकेको छ । नेकपाभित्र अहिले तीन ठुला गुट सक्रिय रुपमा देखिएका छन् । प्रधानमन्त्री एंव अध्यक्ष केपी शर्मा ओली, अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ र वरिष्ठ नेता माधवकुमार नेपाल । ओली र नेपाल पूर्व एमालेमा हुँदा पनि दुई गुटको नेतृत्व गर्दथे । सो गुट अहिले जस्ताको त्यस्तै नेकपाभित्र सरेको छ भने त्यसमा प्रचण्ड गुट पनि मिसिएको छ ।

त्यस बाहेक स–साना तर केही मुद्दामा निर्णायक भूमिकामा देखिन गुट पनि क्रियाशिल रहेका छन् । नेकपाभित्र ९ सदस्यीय सचिवालय माथिल्लो कमिटि हो । त्यहा यो तीनै गुटमध्ये कसैको पनि स्पष्ट बहुमत छैन । केही सचिवालय सदस्य खुलेर पक्षमा लागेपनि केही चुपचाप बस्ने र अहम बेलामा व्यक्ति विशेषको साथमा उभिने गरेका कारण शक्ति कसको हातमा छ भन्ने नै देखिदैन । जसका कारण केही मुद्दामा ठोस निर्णय नै हुन सक्दैन । शक्ति संघर्ष चर्किएपछि अहिले तीनै गुट आ-आफ्नो स्वार्थमा देखिएको छ ।

लकडाउनका बेला सरकारले राजनीतिक दलसम्वन्धि एउटा अध्यादेश ल्याएपछि नेकपाभित्रको लामो असन्तुष्टि एकैपटक बाहिर पोखियो । त्यो कुनै अध्यादेशको आक्रोश भन्दा पनि लामो शक्तिसंघर्षको खुल्ला रुप भएको कतिपय राजनीतिक विश्लेषकको बुझाईपनि छ । सो विधेयकपछि भने सरकार परिवर्तनसम्मका विषयहरु नेकपाका दोस्रो तहका नेताले खुलम्मखुल्ला रुपमा सञ्चारमाध्यम र सामाजिक सञ्जालमा पोख्दै हिडे । जसबाट नेकपाभित्र शक्तिसंघर्ष कुन चरमसम्म पुगेको रहेछ भन्ने देखाएको छ । तीनवटै गुटलाई आफ्नो अस्तित्व जोगाउनुपर्ने र आगामी दिनमा पनि शक्तिमा रहिरहनुपर्ने बाध्यकारी अवस्था छ ।

अध्यादेश आएदेखी नै नेकपाभित्र स्थायी कमिटिको बैठक माग भईरहेको छ । विगतमा दुई पटक बैठक बोलाएर अन्तिम समयमा स्थगित भइसकेको छ । प्रधानमन्त्री एंव अध्यक्ष ओलीलाई हटाउनेसम्मको तयारी गरेपछि बैठकमा विभिन्न समिकरण र तालमेलका प्रयास भईरहेको देखिन्छ । जसले गर्दा बैठक सरेको हुन सक्ने देखिएको छ । अहिले नेकपाभित्र चुरो विवाद अमेरिकासँग भएको आर्थिक सहयोग सम्बन्धी सम्झौता मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) कार्यान्वयनका विषयमा देखिएको छ ।

अध्यक्ष ओली यसलाई कार्यन्वयन गर्नुपर्ने पक्षमा देखिएका छन् । तर, प्रचण्ड र नेपाल खुलेर नबोलेपनि दोस्रो तहका नेतामार्फत यसलाई कार्यन्वयन गर्न नहुने पक्षमा उभिएका छन् । दुवै नेताले यसविषयमा अहिलेसम्म स्पष्ट नबोल्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ । विगतमा भैसेपाटी गुटले चिनिएको यो समुहमा ओलीइत्तरका नेताहरु छन् । तर, उनिहरुबीच पनि दरिलो गुट नबन्दा कतिपय विषयमा अडान लिन सक्ने अवस्थामा उनिहरु स्वयम छैनन् ।

अध्यक्ष ओली पाँच वर्ष सरकार सञ्चालन गर्ने र सरकार आफ्नो भिजन अनुसार चलाउन पाउनुपर्ने पक्षमा देखिएका छन् । प्रचण्ड भने ओलीले पाँच वर्ष सरकार चलाउने भए आफुलाई पूर्ण कार्यकारी अध्यक्षको भूमिका दिनुपर्ने र आगामी एकताको महाधिवेशनबाट एकल अध्यक्ष आफुले पाउनुपर्ने अडान राखेका छन् । नेता नेपालले भने अहिले नै एक व्यक्ति एक पद लागु गर्नुपर्ने र ओलीले प्रधानमन्त्री र अध्यक्ष मध्ये एउटा पद छाड्नुपर्ने बताउदै आएका छन् । नेता नेपालको मागमा प्रचण्डको समेत स्वार्थ लुकेकाले उनि सो

बाँकी पृष्ठ २

१० हजार पुगे

# क्वारेन्टाइनमै भेटिन्छन् अधिकांश संक्रमित

■ सौर्य समाचार

काठमाडौं । नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितको सख्या १० हजार नाघेको छ । मंगलबार ५३८ संक्रमित भेटिएसँगै कुल संक्रमण हुनेको सख्या १० हजार पुगेको हो । माघ १० गते पहिलो संक्रमित फेला परेको नेपालमा त्यसपछिको पाँच महिनाभित्र १० हजार पुगेको हो ।

चैत अन्तिम सातामा पनि निक्कै कम देखिएको कोरोना संक्रमण त्यसपछि भने विस्तारै आक्रमक रुपमा बढ्दै जान थालेको छ । संक्रमण बढ्नुको प्रमुख कारण भारतबाट आएका व्यक्तिहरुलाई व्यवस्थित तरिकाले नेपाल नभित्र्याउनु रहेको छ । केन्द्रीय सरकार, स्थानीय सरकार र भारतको प्रशासनसँग तालमेल नमिल्दा धेरै नेपाली संक्रमित हुन पुगेका हुन् । सरकारले चैत ११ गतेबाट लकडाउन शुरु गर्दै सबै अन्तराष्ट्रिय सीमा बन्द गरिदिएको थियो । तर, भारतबाट आउनेहरु दशगजामा लामोसमयसम्म अलमलमा परे ।

केहीलाई भारतले आफ्नै भूमिमा पूर्वसहमति अनुसार नै क्वारेन्टाइनमा राख्यो । तर, त्यो नाममात्रको क्वारेन्टाइन थियो । भारतका विभिन्न शहरबाट सीमासम्म आउदा जोखिम र त्यहासम्म बचेर आएका पनि क्वारेन्टाइनमा बस्न थालेपछि संक्रमित भएको देखिएको छ । दशगजा क्षेत्रमा लामो समयको बसाई पछि नेपाल प्रवेश गरेका उनिहरुको परिक्षणमा सहजता आउन सकेन् । एकै पटक धेरै व्यक्ति स्वदेश फर्किएपछि सरकारले समेत आवश्यक सतकर्ता उपनाउन सकेन भने उनिहरुलाई व्यवस्थित पनि गर्न सिमित स्रोत र साधनले सकेन । जसका कारण कोरोना संक्रमण क्वारेन्टाइनमै फैलियो ।

स्थानीय तहले पनि विना मापदण्ड विद्यालयमा ओछ्यान र कार्पेट राखेर त्यसलाई क्वारेन्टाइनको नाम दिदै एउटै कोठामा कोचाकोच गरेर मानिसहरु राखे । जहाँबाट कोरोना सरेको देखिएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार पनि हालसम्म नेपालमा देखिएका कोरोना संक्रमित मध्ये करिव ९५ प्रतिशत क्वारेन्टाइनमै रहेका व्यक्तिहरु छन् । अझै पनि क्वारेन्टाइनमा ८५ हजार ८१३ जना व्यक्ति रहेकाले संक्रमितको सख्या बढ्ने अनुमान गरेको छ । मन्त्रालयले करिव ३० देखी ४० हजार संक्रमित भेटिन सक्ने पूर्वानुमान गरेको छ ।

भारतबाट आउने सख्या अहिले न्युन भएपनि तेस्रो मुलुकबाट आउनेमा समेत कोरोना देखिन थालेको छ । यद्यपी उनिहरुलाई सम्बन्धित पालिकाले बनाएको क्वारेन्टाइनमा राखेकाले समुदायमा संक्रमण सर्न सक्ने सम्भावना भने कम नै देखिएको छ । तर, कर्णाली प्रदेशमा भने समुदायमा संक्रमण देखिन थालेको आशंका गरिएको छ । शुरुमा उदयपुरको भुल्केमा समुदायमा

बाँकी पृष्ठ २

पदाधिकारी र ठेकदारबीच साठगाँठ

# गाउँपालिकाको २ करोड संकटमा !



■ विवेक पौडेल

धादिङ । नेपाल कानुन आयोगले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को परिच्छेद- ६ मा स्थानीय निकायको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्थामा प्रष्ट रुपमा भनेको छ, ‘यदि सम्झौता गरेको कुनै कम्पनीले कबुलियतको कुनै शर्त बर्खिलाप गरे वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरे वा ठेक्का वन्दोवस्त गर्दाको शर्त अटेर गरे सो अवधीको भुक्तानी रकम तथा धरौटी समेत जफत गरी निजको नाम कालोसूचीमा राख्नुपर्ने’, प्रावधान छ । सोहि ऐनलाई नै स्थानिय तह संचालन ऐनले समेत कार्यबिधीमा उल्लेख गरी लागु गरेको छ ।

तर, ॐ श्रेष्ठ कन्ट्रक्सनले भने सिद्धलेक गाँउपालिकालाई २ करोड बढि रकम भुक्तानी नगर्दा समेत गाँउपालिका मौन बसेको छ । धादिङको निलकण्ठ नगरपालिका-३ मा रहेको सो कन्ट्रक्सनले आ.ब.०७६/०७७ को आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) अर्न्तगत् ठेक्का पाएको थियो । गाँउपालिकालाई ठेक्का सम्झौता अनुरुप दोश्रो र तेश्रो किस्ता गरी रु. २ करोड १ लाख ६७ हजार रकम भुक्तानी दाखिला गरेको छैन ।

भ्याट बाहेक रु. ३ करोड १ लाख रकम भुक्तानी गर्नेगरी १ बर्षका

बाँकी पृष्ठ २

# ‘पर्यटकीय क्षेत्र कब्जा गर्न सीमा अतिक्रमण’

■ स्थानीयलाई राशनकार्ड र आधार कार्ड बनाईदिने एसएसबीको प्रलोभन

■ रविन्द्र काफ्ले/रासस



फिदिम । पाँचथरको फालेलुङ गाउँपालिका-६ आहालमा पर्ने पर्यटकीय क्षेत्र कब्जा गर्न भारतले सीमा अतिक्रमण गर्न खोजेको सरकारी अध्ययन टोलीले निष्कर्ष निकालेको छ । नेपाल-भारत सीमा क्षेत्र नजिकै रहेको उक्त स्थान पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेकाले उक्त स्थानलाई आफ्नोतर्फ पारेर लाभ लिने मनसायले भारतीय पक्षले कब्जाको प्रयास गरेको टोलीको निष्कर्ष छ ।

उक्त स्थानलाई आफ्नोतर्फ पार्न भारतले नेपाली भू-भागमा भौतिक संरचना निर्माण अवरोध गर्नुका साथै स्थानीयवासीलाई मानसिक तनाव दिएको अध्ययन टोलीको प्रतिवेदनमा उल्लेख छ । उक्त स्थानबाट पूर्वतर्फ भारतमा संरक्षित क्षेत्रका रूपमा सिंहलीला राष्ट्रिय निकुञ्ज रहेको र उक्त स्थानमा भौतिक संरचना निर्माण गर्न नसकिने भएपछि भारतीय पक्षले नेपाली भूभाग कब्जा गर्न खोजेको प्रतिवेदनमा उल्लेख गरेको छ । गत वैशाख अन्तिम साता उक्त स्थानमा सङ्ग्रहालय निर्माणमा भारतीय पक्षले अवरोध गरेको थियो । भारतीय वन कर्मचारीको स्वार्थअनुसार उक्त क्षेत्रलाई भारततर्फ पार्न भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपालमा अनावश्यक दबाब दिने गरेको अध्ययन टोलीले प्रतिवेदनमा उल्लेख छ ।

नेपाल-भारत सीमा नजिकै पाँचथरको फालेलुङ-६ तथा इलामको सन्दकपुर गाउँपालिका-२ को सिमानामा पर्ने आहाल क्षेत्रमा पर्यटकीय संग्रहालय निर्माणका लागि स्थानीय ‘सन्दकपुर आहाल चौँरीपालक कबुलियती वन समूह’ले योजना प्राप्त गरेको थियो । संग्रहालय निर्माणका लागि डिभिजन वन कार्यालय पाँचथरबाट रु १० लाख बजेट रहेको वार्षिक कार्यक्रम स्वीकृत भई कार्यान्वयन शुरु भएको थियो । गत वैशाख २४ गतेबाट संग्रहालयको भवन निर्माणका लागि जग खन्ने काम शुरु भएको थियो तर वैशाख २७ गते भारतीय सीमा सुरक्षा बलको टोलीले उक्त निर्माणस्थल नेपाल-भारत सीमाको दशगजा क्षेत्रमा पर्ने झुटो दाबी तथा नक्कली नक्सासमेत तयार पारी निर्माणकार्य रोक्न दबाब दिएको थियो । निर्माणकार्य नरोके बल प्रयोग गर्ने भन्दै एसएसबीले धम्की दिएपछि निर्माणकार्य रोकिएको थियो ।

भारतीय पक्षको अवरोधपछि फालेलुङ गाउँपालिकाका अध्यक्ष सञ्चकुमार केरुङसहित जनप्रतिनिधि तथा सुरक्षाकर्मीको टोलीले उक्त स्थानको स्थलगत अवलोकन गरी भारतीय पक्षसँग संवादसमेत गरेको थियो । भारतीय पक्षले उक्त भूभाग दशगजा क्षेत्रमा पर्ने झुटो दाबी नछाडेपछि गाउँपालिकाले वैशाख ३१ गते जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी समस्या समाधानका लागि आवश्यक पहल गर्न आग्रह गरेको थियो । जिल्ला सुरक्षा समितिको जेठ २ बसेको बैठकले उक्त स्थानको वास्तविक अवस्था बुझी प्रतिवेदन पेश गर्न सहायक प्रमुख जिल्ला अधिकारी नारायण न्यौपानेको संयोजकत्वमा अध्ययन टोली गठन गरेको थियो । टोलीमा नापी अधिकृत जयराम तामाङ, सहायक वन अधिकृत राजकुमार खत्री, प्रहरी निरीक्षक डम्बर विश्वकर्मा, सशस्त्र प्रहरी निरीक्षक एनीकुमार तामाङ र मालपोत कार्यालयका प्रमुख बाबुराम पोखरेल सदस्य हुनुहुन्थ्यो । टोलीले स्थलगत निरीक्षण, स्थानीयवासी र भारतीय पक्षसँग संवाद गरी प्रतिवेदन तयार पारेको हो ।

महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्नसक्ने आहाल क्षेत्रलाई कब्जा गर्न भारतीय पक्षले अनधिकृतरूपमा एकलौटी सीमास्तम्भ राखेर नेपाली भूमि कब्जा गर्ने मनसायसहित झुटो दाबी पेश गरेको उक्त समितिले तयार पारेको प्रतिवेदनमा उल्लेख छ । पिंकी शेर्पा,

बाँकी पृष्ठ २

# १४ दिन क्वारेन्टाइनपछि मात्र परीक्षण

■ सौर्य समाचार

काठमाडौं । संघीय राजधानी छिरेका व्यक्तिले अब अनिवार्य १४ दिन होम क्वारेन्टाइनमा बस्नुपर्ने भएको छ । त्यस्ता व्यक्तिले १४ दिन होम क्वारेन्टाइनमा नबसी कोरोना संक्रमणको परीक्षण गर्न नपाउने भएका छन् ।

कोरोना परीक्षण गराउन राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा चाप बढेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यका बाहिरबाट आउनेले १४ दिन क्वारिन्टिनमा बस्नुपर्ने र त्यसपछि लक्षण देखिएमात्रै परीक्षणमा आउने गरी नयाँ व्यवस्था लागू गरेको हो ।

स्वास्थ्य मन्त्रालयको उक्त व्यवस्था कडाइकासाथ लागू गर्न गृह मन्त्रालयले मंगलबार उपत्यकास्थित तीनवटै प्रशासन कार्यालयलाई परिपत्र गरेको छ । गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले बाहिरी जिल्लाबाट आउनेको हकमा १४ दिन घरमै क्वारिन्टिनमा बस्नुपर्ने र त्यसपछि संक्रमणको लक्षण देखिएमात्रै जनस्वास्थ्य प्रयोगशालामा सम्पर्क गर्ने व्यवस्था मिलाउन प्रशासनलाई निर्देशन दिइएको बताए ।

भारतबाहेक तेस्रो मुलुकबाट आउनेलाई भने राजधानीमा होल्डिङ सेन्टरमा राखेर त्यहीबाट सम्बन्धित प्रदेश हुँदै जिल्लाबाट स्थानीय तहका क्वारिन्टिनमा लैजाने व्यवस्था गरिएको छ । असार १ गतेबाट लकडाउन खुकुलो बनाएसँगै बाहिरी जिल्लाबाट मानिस आउनेको चाप बढेको छ । बाहिरबाट आउनेको चापले प्रयोगशालामा परीक्षण गराउन जानेको संख्या पनि बढेको हो । त्यसलाई मध्यनजर गरेर मंगलबार स्वास्थ्यको सिफारिसमा गृहले १४ दिन अनिवार्य होम क्वारिन्टिनमा बस्नुपर्ने व्यवस्था गरेको हो ।

यसैबीच, सर्वोच्च अदालतले कोरोना संक्रमण भएर आइसोलेसनमा रहेका व्यक्तिहरुलाई पीसीआर परीक्षण नगरी घर नफर्काउन सरकारको नाममा आदेश जारी गरेको छ । १४ दिन आइसोलेसनमा बसेका व्यक्तिहरुलाई परीक्षण नगरी घर

बाँकी पृष्ठ २

## १४ दिन...

घर फर्काउने भन्ने व्यवस्था कार्यान्वयन नगर्न आदेश दिएको हो । गत जेठ २० गते स्वास्थ्य मन्त्रालयले जारी गरेको निर्देशिकाको दफा ६ मा यस्तो व्यवस्था थियो । न्यायाधीशहरु डा. आनन्दमोहन भट्टराई र टंकबहादुर मोक्तानको इजलासले जारी गरेको आदेशमा भनिएको छ, 'जनताको स्वास्थ्य, समानता र सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्नु राज्यको कर्तव्य रहेको सन्दर्भमा आइसोलेसनमा राखिएका बिरामीलाई विनापरीक्षण घर फर्काउने काम मानवीय र संविधानसम्मत हुने देखिँदैन ।'

## गाउँपालिकाको...

लागी कन्ट्रक्सनसंग गाउँपालिकाले सम्झौता गरेपनी रु. ९९ लाख बाहेक अन्य रकम भुक्तानी नै गरेको छैन । गाउँपालिकाले कन्ट्रक्सनलाई गाँउपालिकाको जुनसुकै स्थानमा संकलन भई निकाशी हुने ढुगागिटि, बालुवा, स्लेट ग्राभेल, चिप्स, रोडा ईटा र ब्लक लगायत संकलन निकाशी र बिक्रिदरमा लाग्ने कर संकलन गर्न भन्दै ठेक्का दिएको थियो । ठेकेदार कम्पनीले गाउँपालिकालाई पौष मसान्तसम्म ठेक्का कबोल रकमको ३७ प्रतिशत अर्थात् रु. १ करोड ११ लाख ३७ हजार तथा २०७६ चैत्र मसान्तसम्ममा ३० प्रतिशत् अर्थात् रु.९० लाख ३० हजार रकम दिनुपर्ने थियो ।

ठेकेदार कम्पनीले दोश्रो र तेश्रो किस्ता समेत गरी रु. २ करोड १ लाख ६७ हजार रकम भुक्तानी नगर्दा समेत गाँउपालिकाका जनप्रतिनिधी तथा प्रमुख प्रशासकिय अधिकृतले चासो दिएका छैनन् । ठेक्का सम्झौताको १२ नम्बर बुँदामा तोकिएको समयमा किस्ता बुझाउने पर्ने उल्लेख छ । यदि अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाए ठेकेदार कम्पनीले बुझाएको बैंक जमानत रकमबाट सम्झौता अनुसारको ठेक्का रकम जफत गर्ने उल्लेख भएपनी गाँउपालिकाका जनप्रतिनिधी र प्रमुख प्रशासकिय अधिकृत धनेश्वर पौडेलको मिलेमतोमा ठेकेदार कम्पनीलाई उन्मुक्ति दिएका छन् । गत वर्ष असार १० गते शिलबन्दी बोलपत्र आह्वान गरेकोमा भदौ १० गते गाउँपालिका अध्यक्ष प्रेमनाथ सिलवाल सहितका उच्च अधिकारी र ठेकेदार कम्पनिका तर्फबाट बाबुकृष्ण श्रेष्ठले सम्झौतामा हस्ताक्षर गरेका छन् । यता सम्झौता भएको बखतमा ओम श्रेष्ठ कन्स्ट्रक्सनले गाउँपालिकाको कुमारी बैंकमा रहेको खाता नं.०८१००३९१२६०००००१ मा भदौ ९ गते ६९ लाख ३३ हजार रुपैयाँ र १३ गते ३० लाख रुपैयाँ मात्र जम्मा गरेको देखिएको छ ।

सम्झौता पत्रमा परिणामका आधारमा ठेक्का सम्झौता हुने भएकाले बन्द हड्ताल आदिका कारण केहि दिन काम सुचारु नभएको अवस्थामा समेत ठेकेदार कम्पनीले कुनैपनी छुट वा क्षतीपुर्ती दावी गर्न नपाइने बताइएको छ । पुष मसान्तसम्मको रकम पनि भुक्तानी नगरेको ॐ श्रेष्ठ कन्स्ट्रक्सनले लकडाउनलाई बाहना बनाउदै गाँउपालिकासँग बाँकी रकम छुट मागेको छ । लकडाउन अघि कै रकम नबुझाएपछि गाँउपालिकाले कम्पनीलाई रकम भुक्तानीका लागि पत्र काटेको बताएको छ । गाँउपालिका अध्यक्ष सिलवालले चिठी काटेको तर सम्बन्धित व्यक्तिसम्म नपुगेको खबर आफुले पाएको बताएका छन् । तर, अचम्मको कुरा के छ भने कम्पनीका प्रमुख श्रेष्ठ भने नियमित रुपमा गाँउपालिका आउनेजाने गरिरहेका छन् । श्रेष्ठले लकडाउनका कारण गाँउपालिकामा रकम भुक्तानी गर्न नसकेको झुठो दावी गरेका छन् । 'लकडाउनका कारणले रकम तिर्न सकेनौं, अब तिर्ने तर्खरमा छौं' ठेकेदार श्रेष्ठले भने । तर, कम्पनीले लकडाउन शुरु हुनु साढे दुई महिना अघिको किस्ता समेत तिरेको छैन ।

'रकम तिर्ने तरखरमा थियौं । लकडाउन भइहाल्यो । तिर्न यसैपनि परिहाल्छ । बैंक ग्यारेन्टी पेश गरेका छौं । अब तिर्ने हो,' श्रेष्ठले भने,'गाउँपालिकाबाट चीठी आएको छ । बुझाउने भनेको लकडाउन भयो ।' श्रेष्ठले लकडाउनका कारण आफूले रकम बुझाउन नसकेको भन्दै पालिकामा छुट पाउनका लागि निवेदन समेत दिएको बताए । तर, सम्झौताको ३ नं बुँदामा भने ठेक्का अवधिमा कुनै पनि बन्द हड्ताल भए ठेकेदार कम्पनिले क्षतिपूर्ति नपाउने उल्लेख छ । लकडाउनको केही समयपछि सरकारले गिटी बालुवा, रोडा उत्खनन् तथा निकासी भने खुल्ला गरेको थियो । त्यसपछि कम्पनीले खुल्ला रुपमा कर उठाउने कार्य भने जारी राखेको थियो ।

निवेदन अनुसार छुट दिने विषयमा छलफल भइरहेको गाउँपालिका अध्यक्ष सिलवालले बताए । 'पहिलो किस्ता आयो । दोस्रो किस्ताबाट रकम आएको छैन । हामीले पत्राचार गरेका छौं । चैत ११ गतेबाट लकडाउन भयो । त्यसपछि ठेकेदार कम्पनिले रकम मिनाहा गर्नुपर्छ भनेर एउटा निवेदन हालेको छ,' गाउँपालिका अध्यक्ष सिलवाल भन्छन्, 'त्यो निवेदन उपर हाम्रो गाउँकार्यपालिकाले छलफल गरिरहेको छ । हामी छिट्टै निर्णय गर्नेछौं ।'

## क्वारेन्टाइनमै...

देखिएको संक्रमण अहिले कर्णाली प्रदेशमा देखिन थालेको हो । कर्णालीमा एक जना कोरोना संक्रमितको मृत्यु भएको र उनको ट्राभल हिस्ट्री नभएकाले समुदायमा संक्रमण सरेको आशंका गरिएको छ । कर्णाली प्रदेश अस्पताल सुर्खेतमा उपचारत दुल्लु नगरपालिका ३ का ४५ वर्षीय पुरुषको सोमबार राति साढे ९ बजे मृत्यु भएको अस्पतालले जनाएको छ । मृतक असार ३ गते प्रदेश अस्पतालमा उपचारका लागि भर्ना भएका थिए । कोरोना परीक्षण गर्दा ४ गते उनमा संक्रमण देखिएको प्रदेश अस्पतालका कोरोना फोकल पर्सन डा.केएन पौडेलले जानकारी दिए ।

'उनी समुदायबाट उपचारमा आएका बिरामी हुन्, उनको फोक्सोमा पनि समस्या थियो', उनले भने, 'क्षयरोगको २ महिनादेखि औषधि खाइरहेको तर ठिक नभएकाले बिरामीको मृत्यु भएको हो ।' डा. पौडेलका अनुसार मृतकमा अन्य समस्या पनि थिए, साथमा कोरोना संक्रमण पनि देखिएको थियो । मृतकका श्रीमती उनीसँगै अस्पताल आए पनि उनलाई भने कोरोना नभएको डाक्टर पौडेलले जानकारी दिए । योसँगै कर्णाली प्रदेशमा कोरोना संक्रमणबाट सुर्खेतका २ जना, दैलेखका २ जना र डोल्पाका १ जना गरी मृत्यु हुनेको संख्या ५ पुगेको छ । मंगलबार एकैदिन ५३८ जना नयाँ संक्रमित थपिएका छन् । मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले दिएको जानकारी अनुसार नेपालमा कुल संक्रमितको सख्या १० हजार ९९ पुगेको छ । मृत्यु हुनेको सख्या पनि २४ पुगेको छ । मंगलबार थप ७६ जना डिस्चार्ज भएका छन् । योसँगै डिस्चार्ज हुनेको सख्या २ हजार १२४ पुगेको छ । यसैगरी अहिलेम्म एक लाख ८६ हजार ३६६ जनाको पीसीआर र दुई लाख ७१ हजार ५८४ जनाको आरडीटी परीक्षण गरिएको छ । विगत २४ घण्टामा चार हजार ९९५ पीसीआर र तीन हजार ४८१ आरडीटी गरिएको छ । अहिलेसम्म ८५ हजार ८१३ जना क्वारेन्टिन र सात हजार ८५१ जना आइसोलेशनमा रहेका छन् ।

## पर्यटकीय...

शेर्पा, नरबहादुर खपांगीलगायत स्थानीयवासीले अध्ययन टोलीलाई दिएको जानकारीअनुसार दुई वर्षअघि भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले ५८/९ नम्बरको सीमास्तम्भको उत्तरपश्चिम डाँडामा नेपाली भूभागभित्र अनधिकृतरूपमा नयाँ सीमास्तम्भ राखेको थियो । उक्त अनधिकृत स्तम्भ राखेपछि एसएसबीले पिंकी शेर्पा बसेको घरजग्गासमेत रहेको क्षेत्र र आहाल क्षेत्र भारतमा पर्ने भनेर झुटो दाबी गर्न थालेको थियो । यही दाबीका आधारमा नेपाल तर्फको भूभाग कब्जा गर्न खोजिएको स्थानीयवासीको भनाइ छ ।

स्थानीयवासीका अनुसार यहाँबाट सूर्योदय र सूर्यास्त एकदमै राम्रोसँग देखिने, कञ्चनजंगा र सगरमाथा हिमालसहित विभिन्न हिमशृंखला देखिने भएकाले धेरै पर्यटक आउने गर्दछन् । यहाँ सीमापूर्व भारततर्फ सिंहलीला राष्ट्रिय निकुञ्ज रहेको र त्यहाँ भारत सरकारले कुनै पनि निर्माणकार्य गर्न प्रतिबन्ध लगाएको छ । अध्ययन टोलीलाई स्थानीयवासी पिंकी शेर्पाले भने, 'यहाँ आउने सबै पर्यटक नेपालमा रहेका घरवासमा बस्छन् । यसले नेपाल पक्षलाई ठूलो आर्थिक लाभ भइरहेको छ । भारतले कुनै लाभ लिन नसकेपछि भारतीय वन कर्मचारीको उक्साहटमा एसएसबीले नेपाली भूमि अतिक्रमण गर्न खोजेको हामीलाई लागेको छ ।' शेर्पासहित अन्य दुई परिवारको घर रहेको क्षेत्रसहित आहाल क्षेत्रलाई भारततर्फ पार्न भारतीय पक्षले 'तपाईंको घर जग्गा भारतमा परेको छ । तर तपाईंहरुले चिन्ता लिनु पर्दैन । हामी राशनकार्ड र आधार कार्ड बनाइदिन्छौं', भन्ने आश्वासनसमेत दिएको शेर्पाले बताए । उक्त तीन परिवारले आफूहरु विगत १०० वर्षभन्दा अघिबाट यहाँ बसोबास गर्दै आएको र आफूहरु भारतको कुनै पनि स्वार्थको पछि नलाग्ने बताएका छन् ।

आहाल क्षेत्रमा गत वर्ष मेची पहाडी पर्यटन विकास समितिको बजेटबाट दृश्यावलोकन स्तम्भ निर्माण गरिएपछि भारतीय पक्षले अवरोध गर्न थालेको सन्दकपुर आहाल चौरीपालक कबुलियती वन समूहका अध्यक्ष नरबहादुर खपांगीको भनाइ छ । सीमाक्षेत्रसहितको वन स्थानीय कबुलियती वन समूहलाई हस्तान्तरण गरिँदा स्थानीयवासीको निरन्तर क्रियाशीलता भई अप्रत्यक्षरूपमा सीमा सुरक्षामा बल पुगेको स्थानीयवासीको भनाइ छ । 'नेपालीहरु पूर्वाधार विकास गर्दै सीमाको रेखदेख र संरक्षण तथा पर्यटन विकासमा लागेको भारतीय पक्षले देख्न नसकेर सीमाको समस्या सिर्जना गरेको हो', खपांगीले भने ।

अध्ययन टोलीले पर्यटकीय क्षेत्र भएकै कारण भारतीय पक्षले नेपाली भूभाग कब्जा गर्न खोजेको, अनधिकृत सीमास्तम्भ राखेर 'डब्लू' आकारको सीमारेखाको व्याख्या गरी विवाद सिर्जना गरेको, स्थानीयवासी नेपालीलाई अनुचित मनोवैज्ञानिक दबाव दिई त्रास उत्पन्न गराएको, नेपालको नक्सा र गुगल नक्सामा उक्त क्षेत्र नेपालमै देखिएको, नेपालभित्रै भौतिक संरचना निर्माण गर्दा भारतीय पक्षले अवरोध गरी दादागिरी गरेको र वन क्षेत्र स्थानीय समूहलाई दिँदा सीमा सुरक्षामा नेपाली स्वयं सक्रिय भई लागेको निष्कर्षसहितको प्रतिवेदन सुरक्षा समितिलाई बुझाएको थियो । समितिमार्फत प्रतिवेदन गृह मन्त्रालयमा समेत पुगिसकेको छ । अध्ययन टोलीले दुवै देशको उच्चस्तरीय नापी समितिबाट चाँडो विवाद निरुपण गर्नुपर्ने, पर्यटनमा आधारित आर्थिक स्वार्थ देखिएको हुँदा दीर्घकालीन समाधान निकाल्नुपर्ने, सीमा सुरक्षाको प्रबन्ध गर्नुपर्ने, सीमा क्षेत्रका स्थानीयवासीलाई सक्रिय गराई अप्रत्यक्षरूपमा सीमा संरक्षण एवं अतिक्रमण रोक्नुपर्ने, नेपालतर्फ पर्यटकीय पूर्वाधार विकासलाई तीव्र पारी आर्थिक लाभ लिनुपर्ने सुझावसमेत दिएको थियो ।

## गुटका...

मुद्दामा सहयोग गर्दै आईरहेका छन् । बुधबार बस्ने स्थायी कमिटि बैठकमा पनि यही स्वार्थ अनुरुप आ-आफ्ना गुटका सदस्यले धारणा राख्ने स्पष्ट छ । केही विषयमा पार्टीभित्र सहमति बनेपनि एमसीसी, सरकार र पदका विषयमा धारणा फरक फरक आउने देखिन्छ । यद्यपी नेताहरुले स्थायी कमिटि बैठक अन्तिममा स्थगित हुन सक्ने पनि औल्याएका छन् । बैठकको अघिल्लो दिन मंगलबार दुवै अध्यक्षबीच प्रधानमन्त्री निवास बालुवाटारमा छलफल समेत भएको छ । एमसीसी सम्झौता, सरकारका कामको समीक्षा, पार्टी कामको समीक्षा एवं संगठनात्मक एकीकरणलाई पूर्णता दिने विषयहरुलाई बैठकका एजेण्डा बनाउन ओली-प्रचण्डबीच सहमति भएको बताइएको छ । सदस्यलाई दोस्रो पटक म्यासेज पठाएर बैठक बस्ने जानकारी पनि गराइएको छ ।

एमसीसीको विषयमा नेकपाभित्र विवाद देखिएपछि प्रधानमन्त्री भने संसदमा भोटिङ गराउने पक्षमा देखिएका छन् । उनले सांसदको अधिकारको विषय भएकाले सरकारका तर्फबाट संसदमा गईसकेको विषयमा ह्विप जारी नगरी मतदान गराउने पक्षमा रहेको स्रोतले दाबी गरेको छ । उनि पछिल्लो समय जसरी पनि पारित गराउनै पर्ने पक्षमा नरहेको बताइएको छ । जसले गर्दा एमसीसी पारित हुने सम्भावना कम रहेको नेकपाकै नेताहरुको भनाई छ ।

**संसद नै १७ गतेसम्म स्थगित**

एमसीसी कार्यान्वयनमा लैजानका लागि १७ गतेसम्म जसरी पनि पारित गराउनुपर्ने प्रावधान रहेको छ । मंगलबारको बैठकमा सभामुख अग्नी सापकोटाले संसद बैठक १७ गतेसम्म स्थगित गरिदिएका छन् । जसबाट निर्धारित समयमा अनुमोदन नहुने निश्चित भएको छ । सम्झौताअनुसार असार १७ गतेदेखि एमसीसी कार्यान्वयनमा जानुपर्ने थियो । तर, प्रतिनिधिसभाका सभामुख सापकोटाले मंगलबार अर्को बैठकको मिति असार १७ गते तोकेसँगै कार्यतालिकाअनुसार एमसीसीको कार्यान्वयन अनिश्चित बनेको छ । सो दिन म्याद पनि थप भएन र पारित पनि नभएमा स्वतह निष्क्रिय हुनेछ । सम्झौताअनुसार गत असोज १३ (सेप्टेम्बर ३०) सम्ममा एमसीसी संसदबाट अनुमोदन हुनुपर्ने थियो । तर, सत्तारुढ दलभित्र एमसीसीको विषयमा बढेको विवादको कारण अनुमोदन हुन सकेको छैन ।

एमसीसी अन्तर्गतको परियोजना सञ्चालन गर्न स्थापना गरिएको कार्यालय मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए नेपाल) का कार्यकारी निर्देशक खड्गबहादुर बिष्टले परियोजना कार्यान्वयनका लागि नेपाल सरकार र एमसीसीले नयाँ कार्यतालिका बनाउनु पर्ने बताए । 'यो हाम्रो कार्यालय अन्तर्गत पर्ने विषय होइन। यस विषयमा नेपाल सरकारको प्रतिनिधि अर्थ मन्त्रालय र एमसीसीले वार्ता गरेर नयाँ कार्यतालिका बनाउनु पर्ने हुन्छ,' बिष्टले भने, 'दुवै पक्षबीच भएको सहमतिको आधारमा नयाँ मिति तोक्न सकिन्छ । मुख्य विषय भनेको सम्झौता संसदबाट अनुमोदन हो ।' बिष्टले सम्झौता संसदले अस्वीकार नगरुन्जेलसम्म एमसीए नेपालले आफ्नो काम जारी राख्ने बताए । सेप्टेम्बर ३० सम्म अनुमोदन नभएका कारण त्यसयता अमेरिकाले दिने रकम रोकिएको छ । त्यसपछि नेपाल सरकारले नै रकमान्तर गरेर एमसीए नेपालको कार्यालय सञ्चालनदेखि प्रशासनिक खर्च बेहोर्दै आएको छ ।


स्थानीय सरकार
भोटेकोशी गाँउपालिका
गाउँकार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**शीलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : ०७७।०३।१०**

यस गाउँपालिकाबाट चालु आ.व २०७६।०७७ को स्वीकृत कार्यक्रम अन्तर्गत तपशील अनुसारको खरीद कार्य शीलवन्दी दरभाउ पत्र मार्फत गर्नु पर्ने भएको हुँदा प्रचलित कानुन बमोजिम सप्लाई गर्न इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनीहरुले शीलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.bhotekoshimun.gov.np मा हेर्न सकिने छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र खरीद गरी १६ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दाखिला गरी सक्नु हुन जानकारी गराइन्छ ।

**तपशील :**

| सि.नं | ठेक्का नं | कामको विवरण | ल.ई (भ्याट सहित) | जमानत वा विडवण्ड रकम | शीलबन्दी दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १८।२०७६।०७७ | सेनीटरी प्याड खरीद कार्य | ६०००००।- | १८,०००।- | १०००।- |
| २ | १९।२०७६।०७७ | अपाङ्गको लागि आवश्यक सामाग्री खरीद कार्य | ९,९५,०००।- | ३०,०००।- | १०००।- |
| ३ | २०।२०७६।०७७ | जेष्ठ नागरिकको लागि आवश्यक सामाग्री खरीद कार्य | ९,९६,०००।- | ३०,०००।- | १०००।- |
| ४ | २१।२०७६।०७७ | बालबालिकाको लागि आवश्यक सामाग्री खरीद कार्य | ९, ९२,०००।- | ३०,०००।- | १०००।- |
| ५ | १२।२०७६।०७७ | जनजातिको लागि आवश्यक सामाग्री खरीद कार्य | ९,९७,०००।- | ३०,०००। | १०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
बैतडी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७७।०३।१०**

यस कार्यालयबाट मिति २०७६।११।१९ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिल बमोजिमका सडक निर्माण का लागि म्याद भित्र पर्न आएका बोलपत्र हरु मध्ये देहायमा उल्लेखित बोलपत्रहरु सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद निएमाबली २०६४ (संसोधित) बमोजिम प्राबिधिक प्रस्ताव र आर्थिक प्रस्तावहरुको मुल्यांकनबाट उतीर्ण भइ न्यूनतम मुल्याकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएको देखिएकोले स्वीकृतिका लागि छनौट गरिएको हुँदा सोहि ऐनको दफा २७ (२) र ४७ तथा नियमावलीको नियम (१००) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | बोलपत्रदाताको नाम | निर्माण कार्यको विवरण | कबोल अंक ( मु.अ.कर र पी.एस .बाहेक ) |
|---|---|---|---|
| IDOBTD/NCB/ W/R/-25/2076-077 | CAB-Gwallek JV Baitadi | Construction and Upgrading of Khalanga-Khar-Dethala-Paribagar Road (Khalanga-Dallek Section), Darchula | 146043714.20 |
| IDOBTD/NCB/ W/R/-26 /2076-077 | CAB-Gwallek JV Baitadi | Construction and Upgrading of Satba-jh-Shreebhawar-Hat-Darchula Road (Satbajh to Shreebhawar Section), Baitadi | 93128521.58 |
| IDOBTD/NCB/ W/R/-27 /2076-077 | CAB-Gwallek JV Baitadi | Construction and Upgrading of Satba-jh-Shreebhawar-Hat-Darchula Road (Shreebhawar to Hat Section), Baitadi | 120688643.50 |

**कार्यालय प्रमुख**

सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ ।

**प्रकाशित मिति २०७७।०३।१०**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयको मिति २०७७।०२।११ पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार म्याद भित्र रितपुर्बक दर्ता भएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभाबग्राही रहेका बोलपत्रदाताको बोलपत्र सार्बजनिक खरिद ऐन २०६३, को दफा २७(१) बमोजिम स्वीकृतीको लागी छनौट भएकोले सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ यस कार्यालयको मिति २०७७।०३।०९ को निर्णय अनुसार यो बोलपत्र स्वीकृत आषयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | न्युनतम् मुल्याक्तित बोलपत्रदाता | न्युनतम् मुल्याङ्कित रकम VAT समेत |
|---|---|---|---|
| SHM/MOR/NCB/SG - 5/2076/077 | ल्याण्डफिल साइड निर्माण तथा तटबन्धन निर्माण | जगदम्बा बिपिन निर्माण सेवा रंगेली मोरङ | ९३३०८२६।९७ (त्रियानब्बे लाख तिस हजार |

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/४/२० मा दर्ता भएको प्रा. लि. नं. १३७९६४ को टि.डि.गणेश हिमाल इन्टरप्राइजेज प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७७/३/७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/८/२५ मा दर्ता भएको प्रा. लि. नं. १२९४३४ को उज्यालो भविश्य कृषि फार्म प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७७/३/७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको

**नाम परिवर्तन गरिएको बारे**

श्री गोरखनाथ कन्ट्रक्सन प्रा.लि.को मिति २०७७ जेठ २३ गतेका दिन सम्पन्न शेयरधनीको विशेष बैठकले नाम परिवर्तन गर्ने निर्णय गरेको छ । साविक कम्पनीको नाम परिवर्तन गरि श्री गोरखनाथ कन्ट्रक्सन एण्ड मर्चेनडाइजर प्रा.लि. गरिएको छ। साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्योहोर्नु पर्ने दायित्व अब श्री गोरखनाथ कन्ट्रक्सन एण्ड मर्चेनडाइजर प्रा.लि.को

# चुनढुंगा उत्खनन्सँगै स्थानीयलाई उठीवासको चिन्ता



■ रमेशकुमार वली

सल्यान । जिल्लामा रहेको चुनढुंगा सरकारले उत्खनन् गरिने भएपछि स्थानीयलाई चिन्ता हुन थालेको छ । चुनढुंगा उत्खनन्सँगै स्थानीयवासिन्दाहरूलाई स्थानान्तरण गर्नुपर्ने भएपछि स्थानीयहरूमा चिन्ता बढ्न थालेको हो । शारदा नगरपालिका-६ को खामेलेकमा रहेको चुनढुंगा उत्खनन् गर्ने चर्चा चलेको लामो समयपछि सरकारले आगामी आवदेखि उत्खनन् सुरु गर्ने गरी खानी तथा भूगर्भ विभागले ५० दिने सूचना जारी गरेपछि स्थानीयहरूमा चिन्ता बढ्न थालेको हो ।

पाँच वर्गमिटर क्षेत्रफलमा रहेको चुनढुंगा उत्खनन्का लागि खानी तथा भूगर्भ विभागले सूचना जारी गरेसँगै उत्खनन्को प्रक्रिया अगाडि बढेको हो । सल्यानको चुनढुंगा निर्यातका लागि विभिन्न सिमेन्ट उद्योगहरूले लामो प्रयास गर्दा पनि सफल हुन सकेका थिएनन् ।

चुनढुंगा उत्खनन्संगै स्थानीय वासिन्दाहरूको व्यवस्थापनमा जोड दिनुपर्ने स्थानीयहरूको भनाइ छ । 'चुनढुंगा उत्खनन्पछि यस क्षेत्रका बासिन्दाहरूलाई स्थानान्तरण गरिने भनिएको छ हाम्रो उचित व्यवस्थापन भएन भने वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गा छोडनुपर्छ कि भन्ने चिन्ता छ' स्थानीय बुढाथोकीले जानकारी दिए ।

खानी सञ्चालन हुँदा स्थानीयहरूमा खुसीयाली छाएको भए पनि गाउँवासीहरूको व्यवस्थापन गरेपछि मात्रै उत्खनन् गर्नुपर्ने शारदा नगरपालिका-६ का वडाध्यक्ष भिकराज बुढाथोकीले जानकारी दिए । 'खानी उत्खनन् गर्दा यस वडामा रहेका ६ सय घरधुरी भए पनि करिब दुई सय घरधुरी प्रत्यक्ष प्रभावित हुने भएकाले उनीहरूको उचित व्यवस्थापनमा पनि जोड दिनुपर्ने देखिन्छ', वडाध्यक्ष बुढाथोकीले भने । सरकारले सूचना जारी गरेसँगै गाउँमा खुसीयालीसँगै वस्ती नै छोड्नुपर्ने हो कि भनेर त्रास उत्पन्न भएको वडाध्यक्ष बुढाथोकीको भनाइ छ ।

आफ्नो नगरपालिकामा रहेको चुनढुंगा उत्खनन्का लागि संघीय सरकारले अनुमति दिने भएकोले स्थानीयहरूको व्यवस्थापनमा पनि जोड दिनुपर्ने शारदा नगरपालिकाका नगरप्रमुख सुरेश अधिकारीले बताए । 'नगरपालिकाभित्र चुनढुंगा उत्खनन् गरेर बिक्री गर्ने आफैँमा सकारात्मक कुरा हो तर यसका लागि आसपासमा रहेको वस्तीको उचित व्यवस्थापन गर्नुपर्छ भन्ने हाम्रो माग हो', नगरप्रमुख अधिकारीले भने ।

चुनढुंगा उत्खनन्का लागि ५० दिनभित्र निवेदनदिन आह्वान गरिएको छ । अनुमति प्राप्त गर्नेले चुनढुंगा उत्खनन्का लागि १० देखि ३० वर्ष सम्मको अनुमति पाउने छ । यसो गर्दा आसपासका बासिन्दालाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने हुन्छ। त्यसैले यहाँका स्थानीयले चुनढुंगा उत्खनन् गर्न दिनका लागि गाउँवासीहरूको व्यवस्थापन गरेपछि मात्रै उत्खनन् गर्नुपर्ने अन्यथा समस्या हुने बताएका छन् ।

# किट अभावका कारण कोरोना परीक्षण ठप्प

■ दीपेन्द्र जयसवाल



वीरगञ्ज । पिसीआर किटको अभावमा कोरोनाको टेस्ट तीन दिनदेखि ठप्प रहेको छ । स्वाब परीक्षणका लागि स्वास्थ्य मन्त्रालयले पठाएको पिसिआर किट काम नलागेपछि वीरगञ्जस्थित नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा किट अभावका कारण कोरोना परीक्षण कार्य तीन दिनदेखि ठप्प हुँदै आएको छ । किट अभावका कारण आइतबारदेखि परीक्षण अवरुद्ध भएको नारायणी अस्पताल स्रोतले जनाएको छ । रिएजेन्ट पिसिआर किट र आरएनए एक्सट्र्याक्सनको अभावमा आइतबार अपराह्नदेखि पिसिआर ल्याब सञ्चालनमा नआएको ल्याब प्रमुख डाक्टर नीरा पाठकले जानकारी दिएकी छन् । पछिल्लो समय स्वास्थ्य मन्त्रालयले पठाएको चिनियाँ कम्पनी सनस्योर बायोटेकको पिसिआर किट अस्पतालको ल्याबमा रहेको पिसिआर मेसिनसँग मेल नखाएकाले ल्याब ठप्प नै भएको उनले बताइन् । मन्त्रालयले पठाएको किट वीरगञ्ज अस्पतालको मेसिनसँग मेल नखाएपछि कोरोनाको परीक्षण अवरुद्ध भएको हो । किटले देखाएको समस्याबारे मन्त्रालयमा जानकारी गराइएको भए पनि मन्त्रालय अहिलेको लागि होल्ड गर्न भनेपछि परीक्षण बन्द गरिएको नारायणी अस्पतालले जनाएको छ ।

प्रदेश सरकारको आग्रहमा संघीय सरकाले नारायणी अस्पतालमा ३ वैशाखमा पठाइदिएको पिसिआर मेसिन जडान गरी २३ वैशाखदेखि पिसिआर ल्याब सञ्चालनमा ल्याइएको थियो । नारायणी अस्पतालको ल्याबमा प्रदेश-२ का पर्सा बारासहित ६ जिल्लामा संकलन गरिएका स्वाबको पिसिआर परीक्षण हुँदै आएको थियो । विभिन्न प्राविधिक समस्याका कारण पटकपटक वीरगञ्ज पिसिआर परीक्षण अवरुद्ध हुँदै आएको छ । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायका अनुसार ल्याब सञ्चालनमा आएदेखि यता आठ वटा कम्पनीका पिसिआर किट स्वास्थ्य मन्त्रालयले पठाएको र ती सबै किट पिसिआर मेसिनसँग मिल्दो भएकाले प्रयोगमा आएको थियो । तर, पछिल्लो समय मन्त्रालयले पठाएको सनस्योर बायोटेक कम्पनीको पिसिआर किट भने मेसिनसँग मिल्दो नभएकाले स्वाब परीक्षण कार्य रोकिएको उनले बताए ।

उपाध्यायका अनुसार सनस्योर बायोटेक कम्पनीको पिसिआर किट वीरगञ्ज ल्याबमा मात्र नभई भरतपुर, हेटौंडा, नेपालगञ्ज र काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा समेत प्रयोगमा आउन सकेको छैन । नारायणीको ल्याबमा परीक्षण बन्द हुँदा पर्सासहित विभिन्न जिल्लाबाट संकलन गरी अस्पतालमा ल्याइएका १ हजार ३ सय स्वाब, चेकजाँचका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको मेडिकल सुपरिटेन्डेट डा.मदन उपाध्यायले जानकारी दिएका छन् ।

# बुटवल उपमहानगरद्वारा नीति तथा कार्यक्रम प्रस्तुत

■ सौर्य समाचार



बुटवल । बुटवल उपमहानगरले नागरिकको जीवन रक्षा नै पहिलो कर्यभार मान्दै स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षालाई प्राथमिकतामा राखेर आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । यसका साथै बृहत् बुटवल, सहरी भौतिक पूर्वाधार, पर्यटन, कृषि र उद्योग-व्यापारलाई समेत उच्च प्राथमिकतामा राख्दै बुटवलको नीति तथा कार्यक्रम प्रस्तुत भएको छ ।

उपमहानगरको सोमबार सुरु नगर सभाको सातौं अधिवेशनमा आव ०७७/७८ को नीति कार्यक्रम प्रस्तुत गर्दै प्रमुख शिवराज सुवेदीले नागरिकको जीवन रक्षामा ध्यान केन्द्रित गरिएको र स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षालाई पहिलो प्राथमिकतामा राखिएको उल्लेख गरे । 'जीवन रहे समृद्धि पछि पनि हासिल गर्न सकिन्छ भन्ने मान्यताबाट हामी अगाडि बढ्ने प्रयास गरेका छौं, नागरिकको जीवन रक्षा नै आजको पहिलो कार्यभार हो र हाम्रो कर्तव्य पनि त्यहि नै हो ।' बुटवलको नीति तथा कार्यक्रममा उल्लेख छ ।

दिगो विकास लक्ष्य, हामीले बुटवलले तयार गरेको एकीकृत सहरी विकास गुरुयोजना र १५औं योजनाबाट समेत निर्देशित हुँदै 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकांक्षा 'समृद्ध प्रदेश खुसी जनता' भन्ने प्रदेशको आकांक्षाको एकीकृत विकाससँगै 'सवल आर्थिक केन्द्र समुन्नत बुटवल' मार्फत आधार तयार गरी 'समृद्ध बुटवल खुसी बुटवलवासी' बनाउने लक्ष्य प्राप्त गर्ने अभियानमा केन्द्रित रहेको बुटवलले बताएको छ । यसैगरी कार्यक्रममा स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षालाई प्राथमिकतामा राखी यसमा लगानी वृद्धि गर, प्रकृतिसँग पौठे जोरी नखोज, प्रकृति अनुकूल हुने गरी विकास प्रयास अगाडि बढाउँदै जान आग्रह गरेको छ । आहार विहार, जीवनशैलीलाई पूर्वीय दर्शन अनुकूल बनाउ, व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सरसफाइलाई ध्यान दिन उपमहानगरले आग्रह गरेको छ । महामारीले परम्परागत असल बानी व्यवहारलाई पुनःस्मरण गराएको र स्वनियममा रहँदा यस्ता महामारीमा विजय प्राप्त गर्न सकिने कुरा क्रमशः स्थापित हुँदै गएको बुटवलको ठहर छ ।

बहुप्रतिक्षित पशु वधशाला निर्माणकार्य सुरु भएको छ । करिब २३ करोड बराबरको लागतमा बन्ने यो बधशाला मुलुककै अत्याधुनिक हुनेछ । यस्का लागि बुटवलले प्रदेश सरकारसँगको संयुक्त लगानी र निजी तथा गैरसरकारी क्षेत्र समेतको सहकार्यमा डिपिआर तयार पारेर निर्माण कार्यका लागि सम्झौता गरेको छ । बुटवलले नगरको आर्थिक विकासको मुख्य आधारका रूपमा सहरी कृषिलाई लिँदै कृषि प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिएको छ । भूमि बैंक, श्रम बैंक तथा कृषि उत्पादकत्व वृद्धिका लागि विशेष अवधारणा बनाएको छ ।


## शेयरवापतको रकम भुक्तानी गर्नेसम्बन्धी सूचना !

उदयपुर जिल्ला भुङ्गार गाविस- ४ (हाल रौमातामाई गापा- ५) बस्ने तपाईं श्री दौलतविक्रम राउतज्यू (ना.प्र.प. नं. १४१०२०/९२०८८, जारी मिति २०६५।७।२४/उदयपुर) ले यस संयुक्त **मेटल इन्जिनियरिङ प्रा.लि.** (दर्ता नं. २२३२४८/०७६-७७) कम्पनीको प्रतिशेयर मूल्य रु. १००।- का दरले कि.नं. ४००१ देखि ४५०० सम्मको ५०० (पाँच सय) थान शेयर लिन कबुल गर्नु भएकामा उक्त कित्ताको शेयर वापतको हुन आउने जम्मा रकम रु. ५०,०००।- (पचास हजार रुपैयाँ) यस कम्पनीको नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको खातामार्फत बुझाउन तपाईलाई २०७६।७।२० मा गरिएको सूचनाको म्याद २०७६।८।२५ मा समाप्त भैसक्दा पनि रकम नबुझाउनु भएकाले २०७६।९।२० मा पुनः तीनमहिने सूचना गरिएकामा सो म्यादभित्र समेत रकम नबुझाउनु भएकाले यो तेस्रो पटक पुनः सूचना गरिएको छ । तपाईंको नामको उक्त शेयरवापत तपाईंले बुझाउनुपर्ने सम्पूर्ण रकम रु. ५०,०००।- (पचास हजार रुपैयाँ) र सोको १० प्रतिशतले लाग्ने ब्याज समेत यस कम्पनीको नाममा **नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको खा.नं.** ०३८०१०४०२५५०५९ मा बुझाई त्यसको अर्धकट्टी भौचर पैंतीस दिनभित्र यस कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाउनका लागि समय दिइएको छ । उक्त समयसम्म पनि तपाईले शेयर वापतको रकम भुक्तानी नगरेमा कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) अनुसार तपाईंको नाममा रहेको उक्त शेयर जफत गरिने व्यहोरा अनुरोध गरिन्छ ।

भवदीय,
ठमानसिंह तामाङ
सञ्चालक अध्यक्ष


# गर्भवतीलाई नगद र विपन्नलाई खाद्यान्न सहयोग

■ नन्दबहादुर रोकाया

मुगु । हिमाली जिल्ला मुगुका गर्भवती भएका महिलालाई नगद रकम प्रदान गरिएको छ भने विपन्न दैनिक ज्यालादारी गरी जीविकोपार्जन गर्नेहरूलाई खाद्यान्न सहयोग गरिएको छ । मंगलबार छायानाथ रारा नगरपालिकाका-१ देखि ७ वडाका ६६ जना गर्भवती भएका महिलालाई खाद्यान्न र दुई हजारका दरले नगद सहयोग गरिएको छ भने सोही वडा भित्रका ३ सय ८८ जना विपन्न दैनिक ज्यालादारी गर्ने विपन्न, दलित घरधुरीका लागि विपन्नको पहिचानको आधारमा राहत स्वरूप खाद्यान्न प्रदान गरिएको हो ।

इस्ट्रिट चाइल्ड अफ नेपालको आर्थिक सहयोगमा सहास नेपाल र छायानाथ रारा नगरपालिकाको साझेदारीमा कोराना भाइरसका कारण मर्कामा परेका ६६ जना गर्भवती महिलाहरूलाई राहत स्वरूप प्रतिव्यक्ति दुई हजारका दरले नगद र खाद्यान्न सहयोग गरिएको छ । त्यस्तै बिच ब्रेड फर द वर्ल्डको सहयोग तथा छायानाथ रारा नगरपालिका र सहास नेपाल मुगुको समन्वयमा विपन्नताको आधारमा दैनिक ज्यलादारी गरेर जीविकोपार्जन गर्ने नगरपालिकाभित्रका १ देखि ७ वडा सम्मका ३ सय ८८ घरपरिवारलाई खाद्यान्न सहयोग गरिएको सहास नेपाल मुगुका परियोजना साझेदार अधिकृत जितबल राईले बताए ।

उनका अनुसार विश्व महामारीको रूपमा फैलिरहेको नोबेल कोरोना भाइरसको महामारीबाट प्रभावित अति विपन्न ३ सय ८८ घरपरिवारलाई खाद्यान्न २० केजी चामल, १० केजी कोदो, एक लिटर तेल, दुई प्याकेट मसला र दुई पोका नुन राहत वितरण गरिएको छ । जम्मा ६ लाख १५ हजार ८ सय २३ रुपैयाँ रकम बराबरको राहत प्रदान गरिएको छ । बिहानबेलुका छाक टार्न धौधौ भएका र ज्यालामजदुरी गरी खाने व्यक्तिलाई पहिचान गरी र गर्भवती महिलालाई नगद प्रदान गरिएको अधिकृत राइले बताए ।


## NCC Bank

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
बागबजार, काठमाण्डौं ।
फोन: ०१-४२४६९९१ फ्याक्स: ०१-४२४४६१०
URL :www.nccbank.com.np, Email: corporate@nccbank.com.np
को

### संस्थापक शेयर बिक्री सम्बन्धी सूचना

(प्रकाशित मिति २०७७/०३/१० गतेको सौर्य राष्ट्रिय दैनिक)

यस बैंकको तपसीलमा उल्लेखित संस्थापक समुहका शेयरधनीहरुले आफ्नो नाममा दर्ता कायम रहेको निम्नानुसारको संस्थापक शेयरहरु बिक्री गर्न प्रस्तावित खरिदकर्ताको नाम सहित/रहित आवश्यक स्वीकृतिको लागि संचालक समिति समक्ष अनुरोध गर्नु भएकाले नेपाल राष्ट्र बैंकको विद्यमान एकिकृत निर्देशन बमोजिम संस्थापक समूहको शेयर बिक्री गर्दा पहिलो प्राथमिकता संस्थापक समूहका शेयरधनीहरुलाई नै दिनुपर्ने व्यवस्था अनुरुप उक्त शेयर खरिद गरी लिन ईच्छुक संस्थापक समूहका शेयरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको बागबजार, काठमाण्डौ स्थित शेयर शाखामा लिखित निवेदन सहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ । साथै यस सूचनाको म्यादभित्र संस्थापक शेयरधनीबाट उल्लेखित शेयर खरिद गर्न कुनै प्रस्ताव नआएको अवस्थामा प्रस्तावित/अन्य खरिदकर्तालाई उक्त संस्थापक शेयर बिक्री गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ ।

तपसील

| सि. नं. | बिक्रीकर्ता शेयरधनीको नाम | बिक्री गर्न स्वीकृति माग गरेको कित्ता | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेश बहादुर तामाङ | १०,७८८ | |
| २ | श्री नरेन्द्र बल | १०,७८८ | |
| ३ | श्री लक्ष्मण प्रसाद उपाध्याय | १,६७३ | |
| ४ | श्री अजय कुमार सत्याल | २९,१४५ | |
| ५ | श्री रामकृष्ण श्रेष्ठ | ६४०३ | |
| ६ | श्री इश्वरी प्रसाद उपाध्याय | १,४७१ | |
| ७ | श्री टेक बहादुर येङ्देन | ४२६८ | |



Province Government
Ministry Of Physical Infrastructure Development
Province No.1
Water Resource and Irrigation Development Division
Morang

## NOTICE OF OPENING OF PRICE BIDS

Date Of Publication:- 24th June ,2020
KFAED LOAN No.:-918

With reference to the tender notice published on 4th Feb,2020 in "Naya Patrika National Daily" for the aforesaid contracts,it is for the notification to all bidders that as per the decision made on 23rd Jun,2020 the following bidders have been evaluated to be Responsive/Non-Responsive.The Price Bid of all Responsive bidders in each package will be opened on 30th Jun,2020 at 11:00 am at WRIDD,Morang in the Presence of bidders representatives who choose to attend.The price bid of all Non-Responsive bidders shall be returned unopened.Non-Responsive bidders are requested to collect their unopened price bid from WRIDD,Morang

**Project Name :- Bakraha Khaidugasara ISP, Urlabari, Morang**
**Contract No:- ISIP/WRIDDMorang/NCB-P3-076/077 Bakraha Khaidungsara ISP**

| S.n | Bidder's Name | Responsive/Non-Responsive | Remarks |
|---|---|---|---|
| 01. | M/S Prithivi Engineers & Builders Pvt.Ltd, Battisputali,Kathmandu | Responsive | |
| 02. | M/S Safal Builders Pvt.Ltd, Koteswhor,Kathmandu | Non-Responsive | Doesnot Meet Cl 2.3.2 & Cl 2.4.1, Sec-3 of bid document |
| 03. | M/S Joshi Nirman Sewa Pvt.Ltd, Bijuli Bazar,Kathmandu | Non-Responsive | Doesnot Meet Cl 2.3.3& Cl 2.4.1,Sec-3 of bid document |

**Project Name :- Chisang Janabikash Paini ISP Letang Morang**
**Contract No:- ISIP/WRIDDMORANG/NCB-04-076/077 Chisang Jan Bikash Paini ISP**

| S.n | Bidder's Name | Responsive/Non-Responsive | Remarks |
|---|---|---|---|
| 01. | M/S Thodung Construction Pvt.Ltd, New Baneshwor | Responsive | |
| 02. | M/S Safal Builders Pvt.Ltd, Koteswhor,Kathmandu | Non-Responsive | Doesnot Meet Cl 2.3.2 & Cl 2.4.1, Sec-3 of bid document |
| 03. | M/S Geetanjali-Tada-Joshila JV, Duhabi,Sunsari | Responsive | |
| 04. | M/S Joshi Nirman Sewa Pvt.Ltd, Bijuli Bazar,Kathmandu | Non-Responsive | Doesnot Meet Cl 2.3.3& Cl 2.4.1,Sec-3 of bid document |

# प्रचण्डलाई निर्माताको ज्ञापनपत्र

■ सौर्य समाचार



काठमाडौं । कोरोना कहरले चलचित्र क्षेत्र अस्तव्यस्त भएको भन्दै चलचित्र निर्माता संघले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । संघका अध्यक्ष आकाश अधिकारीले चलचित्र क्षेत्रसँग सम्बन्धित विभिन्न मागसहितको ज्ञापनपत्र बुझाएका हुन् । कोरोना भाइरस लगाइएको बन्दाबन्दीका कारण चलचित्र क्षेत्र समस्यामा परेको उनीसहित संघका पदाधिकारी प्रचण्ड निवास खुमलटार पुगेर ज्ञापनपत्र बुझाएका हुन् । अध्यक्ष अधिकारीले प्रचण्डसँग चलचित्र क्षेत्रले भोगिरहेका समस्याको बारेमा जानकारी गराएका थिए ।

अध्यक्ष प्रचण्डले चलचित्र क्षेत्रको समस्या हल गर्नका  लागि आफूले सक्दो पहल गर्ने बताए । उनले यो विषयमा यथाशिघ्र सम्बन्धित निकायलाई निर्देशन दिई सहयोग गर्ने आश्वासन दिएको अध्यक्ष अधिकारीले जानकारी दिए । संघले बुझाएको ज्ञापनपत्रमा चलचित्र क्षेत्रलाई चलायमान बनाउनका लागि सरकारले सावधानी अपनाएर निर्देशिका जारी गर्दै छायांकनको अनुमति दिनुपर्ने माग गरेको छ ।

त्यस्तै, बैंक तथा वित्तीय कर्जाको ब्याजदरमा बन्दाबन्दीभरी पूर्णछुट तथा त्यसपछि, ३-५ प्रतिशत मात्र हुनुपर्ने र कर्जा भुक्तानीको अवधि पुस मसान्तसम्मलई हुनुपर्ने माग गरिएको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट सुलभ कर्जाको व्यवस्था, मुल्य अभिवृद्धि कर, स्थानीय कर तथा मनोरञ्जन करमा छुटको व्यवस्था हुनुपर्ने माग गरिएको छ ।

त्यसैगरी, चलचित्र छायांकनमा फर्कन तथा निर्माण भएर रिलिज हुन बाँकी चलचित्रलाई सहयोगको व्यवस्था गरिनु पर्ने, बिजुली-बत्तीको महशुलमा छुट, तथा लकडाउनभरीको डिमाण्ड शुल्कमा छुट र त्यसपश्चात् सहुलियत तथा श्रमजीवी चलचित्रकर्मीको हकमा टिडिएस तथा आयकरमा छुट हुनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ । यस्तै संघले आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेटमा २०७६ साल माघ २८ गते प्रमाणिकरण सम्पन्न भइ औद्योगिक व्यवसाय ऐन २०७६ दफा ९ सँग सम्बन्धित राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा दर्ज रहेको यस चलचित्र निर्माण उद्योगलाई नयाँ प्रविधि जोड्नका लागि पहल गर्नुपर्ने जनाएको छ ।

इन्टरनेटको माध्यमबाट स्वदेशी तथा विदेशी डिजिटल प्लेटफर्म (एप्स) डिजिटल पेमेण्टको सुलभ व्यवस्था गरिनुपर्ने, नेपाली बैंकले खातावाला नागरिकलाई डेविट, भिषा वा मास्टर कार्डको व्यवस्था गरिनुपर्ने, विदेशी एप्समा नेपाली चलचित्र रिलिजबापत आउने रेविन्युलाई सहजरूपमा नेपाल भित्र्याउन सकिने ऐन, कानुनको व्यवस्था गरिनुपर्ने माग गरिएको छ ।

त्यसैगरी, नेपाल राष्ट्र बैंकको प्रत्यक्ष मोनिटरिङमा तोकिएको रकम नेपाली भिषा कार्डबाट स्वदेशी वा विदेशी एप्स, डिजिटल भुक्तानीको गेटवे (तेस्रोपार्टी) व्यवस्था गरिनुपर्ने माग छ । चलचित्र निर्माणदेखि सिनेमा भवन, उपत्यकाभित्र, सुविधा सम्पन्न इन्डोर सुटिङ स्टुडियो निर्माण गर्नुपर्ने माग गरिएको छ । नेपाली मौलिक चलचित्रलाई अनुदान दिनुपर्ने, दूतावासमार्फत विदेशी भूमिमा नेपाली चलचित्र मोहत्सव आयोजनाको लागि बजेट विनियोजन गरिनुपर्ने, आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न सिनेमाको भूमिका प्रभावकारी हुने हुँदा नेपाली चलचित्र उद्योगलाई नेपालको कुनै पनि स्थानमा छायांकनमा जाँदा स्थानीय सरकार मातहतबाटै संघीय सरकारले पूर्ण सहुलियत दिइनुपर्ने मागमा उल्लेख गरिएको छ ।

# प्रज्ञा प्रतिष्ठान ६३ वर्षमा

■ सौर्य समाचार



काठमाडौं । नेपाल प्रज्ञा-प्रतिष्ठानको ६३औं वर्षमा प्रवेश गरेको छ । २०१४ साल असार ९ गते नेपाली साहित्य कला एकेडेमीका नामबाट प्रतिष्ठानको स्थापना भएको थियो । प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले मंगलबार विज्ञप्ति जारी गर्दै नेपालका भाषा, साहित्य, कला, दर्शन, इतिहास, संस्कृति, पुरातत्व, संगीत, समाजशास्त्र, मानवशास्त्र, विज्ञान लगायतका विषयको प्राज्ञिक उन्नयन गर्ने लक्ष्य राखेर प्रतिष्ठान स्थापना भएको जनाएका छन् । उनले ऐन जारी हुँदा नेपाल एकेडेमीको नाम पाएको यो प्रज्ञा-प्रतिष्ठानबीचमा रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान हुँदै २०६२/०६३ को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलनको सफलतापछि जनभावनाअनुरूप २०६४ मा जारी ऐनअनुसार हाल नेपाल प्रज्ञा-प्रतिष्ठानका रूपमा सञ्चालित भएको बताएका छन् ।

कुलपति उप्रेतीले जारी गरेको विज्ञप्तिमा 'नेपालका भाषा, साहित्य, कला, दर्शन, इतिहास, संस्कृति, पुरातत्त्व, सङ्गीत, समाजशास्त्र, मानवशास्त्र, विज्ञान आदि विषय र तिनका विभिन्न विधा-उपविधाहरूको अध्ययन-अनुसन्धान, विमर्श र प्रकाशन गर्ने र नेपालको गौरवलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार समेत गर्ने उद्देश्यले स्थापित यो नेपाल प्रज्ञा-प्रतिष्ठान हाल भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र जस्ता पाँचओटा विषय क्षेत्रमा विशिष्टीकृत भएको' उल्लेख गरिएको छ । त्यस्तै, उनले हाल यी पाँचओटा विषय क्षेत्रका ११ ओटा विभागहरू क्रियाशील रहेको र यी प्रत्येक विभागअन्तर्गत वार्षिक रूपमा अध्ययन-अनुसन्धान, गोष्ठी, कार्यशाला, अन्तरक्रिया एवम् प्रकाशनका कार्यहरू भइरहेको जनाएका छन् ।

प्रतिष्ठान अहिलेको अवस्थासम्म आइपुग्दा यसले नेपाली वाङ्मयका क्षेत्रमा युगीन महत्वका अनेकौं कामहरू सम्पन्न गरिसकेको यथार्थ सर्वविदित रहेको जनाउँदै कुलपति उप्रेतीले विज्ञप्तिमा लेखेका छन्, ' अहिले हामीले नेपाल चिनाउने बृहत् ग्रन्थ 'नेपाल दर्पण' लेखन कार्यको प्रारम्भ गरेका छौं । हरेक प्रदेशका सम्पूर्ण पक्षहरू समेटिएका एक एक ग्रन्थ र ती सबैको एउटा सिंगो रूप 'नेपाल दर्पण' तयार गरी त्यसलाई नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशन गर्ने राष्ट्रिय गौरवको योजनाको सम्पन्नता अहिलेको हाम्रो मूल अभीष्ट रहेको छ । यसरी नै महाकवि देवकोटाको घरलाई संग्रहालय बनाउने, 'नेपाली बृहत् शब्दकोश' लाई युगानुकूल प्रविधिमुखी बनाउन एपमा लैजाने, 'नेपाली बृहत् शब्दकोश' को परिमार्जित दसौं संस्करण प्रकाशन गर्ने, नेपालका सम्पूर्ण साहित्यकार र कलाकारको परिचयात्मक ग्रन्थ साविकको 'साहित्यकार-कलाकार परिचयकोश' लाई परिमार्जनसहित 'लेखक-कलाकार परिचयकोश' का रूपमा प्रकाशन गर्ने लगभग डेढ लाख शब्दहरू समेटिएको 'प्रज्ञा नेपाली बृहत् शब्दकोश' प्रकाशन गर्ने, नेपाली भूमिमा उत्पत्ति भएका सम्पूर्ण दर्शनहरू समेटिएको 'नेपाली दर्शन' ग्रन्थ प्रकाशन गर्ने, पहिले प्रकाशन भएका तर हाल अप्राप्य ऐतिहासिक सामग्रीलाई खोजी गरी पुनः प्रकाशन गर्ने तथा विभिन्न मित्रराष्ट्रसँग सांस्कृतिक तथा साहित्यिक सम्बन्ध विस्तार गरेर नेपाली वाङ्मयलाई विश्वव्यापीकरण गर्ने जस्ता दूरगामी प्रभाव पार्ने खालका कामहरूलाई हामीले योजनाबद्ध तरिकाले अगाडि बढाएको कुरा समस्त वाङ्मयप्रेमीहरूका माझमा राख्न पाउँदा गौरवबोध भएको छ ।'

उनले वर्तमान परिवेशमा विश्वव्यापी रूपमा देखापरेको कोरोना भाइरस (कोभिड १९) को महामारीबाट वाङ्मय क्षेत्र पनि निकै प्रभावित भएको बताउँदै सुरक्षाका विधिलाई अपनाउँदै अनुसन्धान, सम्पादन र प्रकाशनका कामहरूलाई निरन्तरता दिइरहेको जनाएका छन् । उप्रेती यस संक्रमणका अवधिमा नै आएको प्रतिष्ठानको ६३ औं वार्षिकोत्सवलाई भने हामी सदाझैं विभिन्न कार्यक्रमहरूका साथै राष्ट्रिय कविता महोत्सवको आयोजना गरी भव्यताका साथ सम्पन्न गर्ने अवस्थामा नरहेको बताएका छन् । उनले लेखेका छन्, 'यस विषम परिस्थितिका कारण नेपाल प्रज्ञा-प्रतिष्ठानको ६३ औं वार्षिकोत्सव समारोह र राष्टिय् कविता महोत्सव-२०७७ सहज अवस्था नआएसम्मका लागि स्थगित गर्नुपरेको कुरा सार्वजनिक सूचनामार्फत पहिले नै सबैमा जानकारी गराइसकिएको छ । राष्ट्रिय कविता महोत्सवका लागि तोकिएको समयभित्रमा प्राप्त ५०२ ओटा कवितालाई हामीले सिलबन्दी र लाहाछाप गरी सुरक्षित रूपमा राखेका छौं । अनुकूल समयमा प्रतिष्ठानले महोत्सवको आयोजना गरी सम्बन्धित कविताहरूको समुचित मूल्यांकनका साथै पुरस्कार प्रदान गर्ने कुरा सम्बन्धित सबैमा अवगत गराउँदछु ।'

## || खेलकुद ||

# पाकिस्तानी क्रिकेटरमा कोरोना संक्रमण



■ एजेन्सी -

इस्लामावाद ।  पाकिस्तान क्रिकेट टोलीका ओपनर फखर जमान सहित थप ७ जनामा कोरोना संक्रमण भेटिएको छ ।पाकिस्तान क्रिकेट बोर्डले मंगलबार जमानसँगै, अनुभवी ब्याट्सम्यान मोहम्मद हफिज, इमरान खान, कशिफ भाट्टी, मोहम्मद हुसैन, मोहम्मद रिजवान र वहाव रियाजमा कोरोना संक्रमण देखिएको पुष्टि गरेको छ । दोस्रो परिक्षणमा ७ जना खेलाडीमा कोरोना संक्रमण देखिएको हो ।

योसँगै पाकिस्तान क्रिकेट टोलीमा कोरोना संक्रमण देखिने खेलाडीको संख्या १२ पुगेको छ । सोमबार पहिलो परिक्षणमा तीव्र गतिका बलर रउफ सहित युवा स्पिनर सादब खान र ओपनर ब्याट्सम्यान हैदर अलीलाई कोरोना संक्रमण देखिएको थियो । यसअघि पूर्वकप्तान शाहिद अफ्रिदीलाई कोरोना संक्रमण देखिएको थियो । पूर्व ब्याट्सम्यान तउफिक उमरले भने कोरोनाविरुद्धको लडाईं जितिसकेका छन् । पाकिस्तान यसै साता तीन टेष्ट र तीन टि२० आई सिरिजको लागि इंग्ल्यान्ड भम्रणमा जाने तयारीमा रहेको छ । अगष्ट र सेप्टेम्बरमा सिरिज खेल्ने कार्यक्रम छ । जसको लागि केहि साताअघि पाकिस्तानले २९ सदस्य टोली घोषणा गरेको थियो । २९ खेलाडी मध्य १० खेलाडीमा कोरोना संक्रमण देखिएसँगै पाकिस्तानको इंग्ल्यान्ड भ्रमणको सम्भावना न्युन बनेको छ ।

# मार्सेलोको उत्कृष्ट पुनरागमन

■ एजेन्सी

मड्रिड ।   कोरोना भाइरसका कारण विश्व खेलकुदका सम्पूर्ण गतिविधि स्थगित हुँदा रियल म्याड्रिडका ब्राजिलियन डिफेन्डर मार्सेलो चोटका कारण विश्राममा थिए । कोरोनाका कारण झन्डै ३ महिना लिग स्थगित भएपछि गत साताबाट स्पेनिस लिग सुचारु भएको छ । सिजनको मध्यतिर खराब लयका कारण लेफ्ट ब्याक भूमिकामा मार्सेलो र फर्लान्ड मेन्डीबीच निकै प्रतिस्पर्धा थियो ।

मार्सेलो घाइते भएसँगै मेन्डी जिदानको पहिलो रोजाईका खेलाडी बने ।तर कोरोनाका कारण लिग फर्किएपछि भने मार्सेलोले गजबको प्रदर्शन गर्दै आएका छन् । जिदानले पहिलो खेलमा नै सुरुवाती रोजाईमा उतारेपछि रियल म्याड्रिडका उपकप्तान समेत रहेका मार्सेलोले सुरुवाती रोजाईमा आफ्नो स्थान पक्का गरेका छन् ।

एइबारविरुद्ध पहिलो खेलमा मार्सेलोले गोल गरेका थिए ।त्यसपछि रियल सोसीडाडविरुद्ध खेलमा मार्सेलोले भिनिसियस जुनियरसँग मैदानको बायाँ भागमा उत्कृष्ट तालमेल देखाए । रक्षात्मक रुपमा सुदृढ मार्सेलोले आक्रामक भूमिकामा पनि रियलमा निकै सहयोग पुर्याएका छन् ।




# डा. मैनालीको गीत सार्वजनिक




■ सौर्य समाचार

काठमाडौं । डा. ब्रिजेश मैनाली र शोभिता पराजुलीको प्रस्तुतिमा 'किन हो किन कुन्नी सपनीहरुमा उनी' बोलको लिरिकल म्युजिक भिडियो सार्वजनिक भएको छ । नेपाल आइडल-२ का गायक अमित बरालको स्वर रहेको उक्त गीत म्युजिक नेपालको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । डा. मैनालीको शब्द र  दीपक शर्माको संगीत रहेको गीतको भिडियोमा लकडाउनको बेला आफ्ना प्रियसीलाई भेटन नपाएर बसेका प्रेमी हुन् वा प्रेमभाव अभिव्यक्त गर्न नसकेका प्रेमीको मनोभाव समेटिएको छ । स्वीडेनमा सहायक प्राध्यापकको रुपमा कार्यरत् डा. मैनालीको यसअघि पनि दीपक शर्माकै संगीतमा 'यो देश बनाउने जिम्मा कसको हो' बोलको राष्ट्रभक्ति गीत सार्वजनिक भएको थियो । उक्त लिरिकल म्युजिक भिडियोको सम्पादन सम्बुराम महर्जनले  गरेका छन् । कोरोना भाइरसका कारण लगाइएको बन्दाबन्दीको समयमा आफ्नो प्रियसीलाई भेट्न नपाएर बसेका प्रेमी हुन वा प्रेम अभिव्यक्त गर्न नसकिरहेका प्रेमीको  मनोभावना समेटेर गीत ल्याएको गीतकार डा. मैनालीले बताए ।

# रश्मीको 'फुलमा पनि'

■ सौर्य समाचार



काठमाडौं । गायिका रश्मी राईले लकडाउनको समयलाई सदुपयोग गर्दै 'फुलमा पनि..' बोलको गीतको भिडियो ल्याएकी छन् । गीतको भिडियोलाई भुवन क्रिएसन युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । केही समय पहिले 'मान्छेको भिडभित्र' बोलको गीतको भिडियो सार्वजनिक गरेर चर्चामा आएकी थिइन् ।

खोटाङ चिसापानी घर भएकी गायिका रश्मी आफ्नो यो पछिल्लो सांगीतिक कोसेली पनि श्रोता, दर्शकले मनपराइदिनेमा आफू विश्वस्त रहेको बताइन् । भुवन चाम्लिङ राईको शब्द, पुष्कर सुनुवारको संगीत संयोजन रहेको भिडियोमा गायिका राईलाई मोडलको रुपमा देख्न सकिन्छ ।

**Province Government**
**Ministry of Social Development**
**Health Directorate**
**Province no 1**
**District Hospital Okhaldhunga**
**Rumjatar**

**Invitation for Sealed Quotation for the procurement of Hospital Equipments**

**Sealed Quotation No: DHO/Equip/01/2076/077**

**(Second Date of Publication: 2077-03-10)**

1. Ministry Of Health and Population has funded Safe motherhood, Maternal and Newborn Programme and Sudhridikaran Budget & Ministry of Social Development, Province no 1, has funded Sudhridikaran Budget and Hospital Management committee has decided for the purchase of Hospital Equipments and intends to apply part of the funds to cover eligible payments under the contracts for Procurement of Hospital Equipments Sealed Quotation No **DHO/Equip/01/2076/077.** Bidding is open to all eligible bidders.
2. Interested eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of District Hospital Okhaldhunga, Rumjatar Telephone: 037-540188, Email: rumjatarhospital@gmail.com within official working hours.
3. Bidding documents is available on District Hospital Okhaldhunga, Rumjatar within **2077-03-16**. Interested bidders can directly purchase through District Hospital Okhaldhunga, Rumjatar office.
4. Interested Bidder shall submit the sealed quotation to above office District Hospital Okhaldhunga, Rumjatar on or before **12:00 Hour** on **2077-03-17**.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **14:00** Hour on **2077-03-17** at the office of District Hospital Okhaldhunga, Rumjatar. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per slice mentioned in the table below which shall be valid for minimum 30 days beyond the validity period.
6. If the last date of submission and opening falls Government holiday then the next working day shall be considered the last day of submission. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other Nepal Law. District Hospital Okhaldhunga, Rumjatar reserves  right to amend and correct at any time.
8. The bid is in single package and tender will be evaluation in single package.
9. District Hospital Okhaldhunga, Rumjatar reserves the right to accept or reject all bids without assigning any reason whatsoever.
10. The address referred to above is:

| S. No. | Sealed Quotation No | Description of Goods | Total Amount (Estimate) | Bid Security (Nrs) | Document Form Fee(Non Refundable) |
|---|---|---|---|---|---|
| 1. | DHO/Equip/01/2076/77 | Procurement of Hospital Equipments | Nrs 44,56,720.00 | Nrs 1,11,418.00 | Nrs. 1,000.00 |

**District Hospital Okhaldhunga**
**Rumjatar**
**Telephone: 037540188**
**Email:  rumjatarhospital@gmail.com**